# वन विभाग मार्फत संचालन गरिने
# राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

## पृष्ठभूमि

नेपाल सरकारको बजेट तथा कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७०/०७१ मा वन विभाग मार्फत संचालन गरिने राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको लागि यो कार्यविधि तर्जुमा गरिएको छ । भू-भौगोलिक सम्वेदनशिलता र जैविक विविधताको महत्वलाई आत्मसात गर्दै वातावरणीय रुपमा सम्वेदनशिल चुरे क्षेत्रको वन विनास तथा भू-क्षय रोकथाम गर्नुका साथै उक्त क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०६७/६८ देखि वन विभागवाट समेत यो कार्यक्रम सञ्चालन हुदै आएको कुरा विदितै छ ।

जैविक तथा प्राकृतिक दृष्टिले विशेष किसिमको महत्व वोकेको नेपाल र भारतको तराईमा रहेका संरक्षित क्षेत्र जोड्ने जैविक मार्गको मेरुदण्डको कार्य समेत चुरे क्षेत्रले गर्दछ । यसरी हेर्दा चुरिया क्षेत्रको संरक्षण गर्ने कार्य भूपरिधिय स्तरको संरक्षण कार्यक्रम भएकाले यस कार्यक्रममा वन विभागले चुरे र भावर क्षेत्रलाई उपल्लो तटिय (Upper stream) र त्यसको प्रभावित क्षेत्र तराईलाई तल्लो तटिय (Down stream) क्षेत्रको रुपमा पहिचान गरी उपल्लो तटिय तथा तल्लो तटिय अन्तरसम्बन्ध कायम राख्न वातावरणीय सेवा भुक्तानी (Paymenet for environmental services) को अवधारणलाई व्यवहारमा उतार्ने गरि कार्यक्रम तय गरेकोछ । अझै स्पष्ट रुपमा भन्नु पर्दा उपल्लो तटिय क्षेत्रमा संरक्षणमुखि कृयाकलाप संचालन गरि पुर्णरुपमा संरक्षण गर्ने र तल्लो तटियक्षेत्रको वनक्षेत्रहरुमा वनको दिगो वन व्यवस्थापन गर्ने र वन नभएका क्षेत्रमा वन विस्तार गरी वन पैदावारमा आत्मनिर्भर बनाउदै जिविकोपार्जनमा सहयोग पुर्‍याउने मुल उद्देश्यमा रही कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको सोच बनाईएकोछ ।

यो कार्यक्रम हाल वन तथा भू-संरक्षण मन्त्रालय अन्तरगतका वन सर्वेक्षण तथा अनुसन्धान विभाग बाहेक ४ वटा विभागहरु तथा कृषि विकास मन्त्रालय अन्तर्गतका कृषि विकास विभाग तथा पशु सेवा विभाग मार्फत फिल्डस्तरमा संचालनमा रहेको छ । कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित निकायले कार्यक्रमलाई फिल्डमा आ.व. २०६८/६९ बाट सकभर एकै स्थानमा एकिकृत रुपमा संचालन गरी लक्षित उपलव्धी हासिल गर्ने तर्फ उन्मुख गराएको छ । प्रत्येक विभागका फिल्डस्तरका कार्यालयहरुवाट कार्यक्रमलाई नछरीकन ठोस उपलव्धी मापन गर्न सकभर एकै स्थानमा लक्ष्य पुरा गर्ने गरी कार्य गर्नुपर्ने, तराईका दक्षिण भेगका समुदायलाई कार्यक्रमले प्रत्यक्ष रुपमा समेट्नु पर्ने, गरिव तथा विपन्न वर्गको तथा आम समुदायको जिविकोपार्जनमा कार्यक्रम केन्द्रित गर्नुपर्ने, चुरेको विशेष संरक्षणको लागी विशेष कृयाकलापहरु संचालन हुनुपर्ने जस्ता विषयहरु अनुगमनमा तथा विभिन्न तहमा विज्ञहरुसंग भएको छलफलमा उठान भएका हुँदा यी सवै विषयहरुलाई वन विभाग मार्फत चालु आर्थिक वर्ष २०७०/०७१ मा सञ्चालन गरिने कार्यक्रममा सम्वोधन गर्ने प्रयास भएको छ । यस कार्यविधिले चुरे संरक्षणका लागि जिल्ला वन कार्यालयहरुवाट सञ्चालन गरिने कार्यक्रमहरुको फिल्डस्तरका सवै कर्मचारीहरुमा समान वुझाई भई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न थप सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

## कार्यक्रम संचालन सम्बन्धमा

जिल्ला स्तरमा कार्यक्रम र अख्तियारी प्राप्त हुनासाथ चुरे संरक्षणका हिसावले संवेदनशिल भनी विगतमा पहिचान भएका स्थानहरुमा एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

## क.पूजिंगत खर्च शिर्षक अन्तर्गतका कार्यक्रमहरु

यस शिर्षक अन्तर्गत जिल्ला वन कार्यालयहरुवाट ५ किसिमका कार्यक्रमहरु (स्विकृत वार्षिक कार्यक्रमको क्र.सं. १ देखि ५ सम्म क्रमश: चुरे वनको विशेष संरक्षण तथा वन पुर्नस्थापना कार्यक्रम, नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन कार्यक्रम, चुरे क्षेत्रको वनमा चाप कम गर्न वन पुर्नस्थापना र विस्तारका लागी हरित रोजगारमुखी बृहत बृक्षारोपण कार्यक्रम, उपल्लो र तल्लो तटीय बासिन्दा बीच समुह सँजालीकरण/बैठक सहयोग र सार्वजनिक लेखापरीक्षण तथा समीक्षा बैठक ( जिल्लास्तर) तय गरिएको छ । यी कार्यक्रम सम्पन्न गर्न आवश्यक पर्ने अनुमानित लागत बजेट उपशिर्षक नं. २९६११ ( सार्वजनिक निर्माण) मा समावेश गरिएको छ र कार्यक्रमहरुलाई निम्नानुसारले संचालन गर्नुपर्नेछ ।

## १. चुरे वनको विशेष संरक्षण तथा वन पुर्नस्थापना कार्यक्रम

देशको भण्डै आधा जनसंख्या वसोवास गर्ने र उनीहरुको जिविकोपार्जनसंग प्रत्यक्ष सम्वन्ध रहेको तराईको उर्वराभूमिलाई सदासर्वदाको लागि वचाई राख्न र यहाँको सिचाईको लागी आवश्यक पर्ने पानीको मुख्य श्रोत चुरे क्षेत्रलाई वचाउन यस क्षेत्रको जमिनको कुनै पनि भाग सकभर खुल्ला हुन नदिई यसमा सधैव वाक्लो छत्र घनत्व कायम राखिराख्न नितान्त जरुरी छ । यसै विषयलाई मध्यनजर राख्दै नेपाल सरकार, मन्त्रीपरिषदबाट मिति २०५७/१/१९ मा भएको निर्णयमा भौगोलिक रुपले कमजोर चुरे क्षेत्रलाई संरक्षित वनको रुपमा व्यवस्थापन गर्ने व्यहोरा उल्लेख भएको, नेपाल सरकार, मन्त्रीपरिषदबाट मिति २०६७/३/३२ मा भएको निर्णय नं ५ मा चुरे तथा वातावरणीय दृष्टिकोणले सवेंदनशील क्षेत्रहरुका सामुदायिक वनहरुमा न्युनतम प्रयोग (Limited use) को अवधारणा वमोजिम वन कार्ययोजनामा वन व्यवस्थापनका कृयाकलापहरु समावेश गर्ने व्यहोरा उल्लेख भएको, व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिको मिति २०६७/६/२४ मा वन तथा भू-संरक्षण मन्त्रालयलाई प्राप्त सुझाव तथा निर्देशनको वुँदा नं ६.९.१ मा चुरेलाई विशेष क्षेत्रको रुपमा कायम गरी संरक्षित वन क्षेत्रको रुपमा विकास गर्ने, वुदा नं ६.९.२ मा चुरे क्षेत्रका दर्तावाला वसोवासीको स्वेच्छिक स्थानान्तरण, ६.१०.२ मा चुरे क्षेत्रमा सरोकारवालाहरुको सहभागितामा एकिकृत संरक्षणका कार्यहरु गर्ने र वुँदा नं ६.१०.३ मा संवेदनशील वन, जलाधार, तथा संरक्षितक्षेत्रमा कुनै कार्य नगर्ने क्षेत्र (No Go Zone) को रुपमा घोषणा गरी कार्यान्वयन गर्ने भनी उल्लेख भएको छ । यि नीतिगत निर्णय तथा निर्देशनहरु प्रभावकारी कार्यान्वयनका लागी हाल जिल्ला वन कार्यालयहरु तथा स्थानीय समुहहरुवाट भईरहेको प्रयास तथा वन संरक्षणको लागी अपनाईएको तौर तरिकाबाट मात्र प्राय असम्भव भएको हुंदा यस शिर्षक अन्तरगत रहेका निम्नानुसारका कार्यक्रमहरुलाई निम्नानुसारले संचालन गर्नुपर्ने देखि यहाँ उल्लेख गरिएको छ ।

### १.१ जैविक, वातावरणीय एवं भू-स्खलनका हिसाबले अति संवेदनशिल रहेका वन क्षेत्र (Hotspot) को तारबार सहित पुनरुत्पादन संरक्षण

जिल्लाको चुरे क्षेत्रमा सम्वन्धित आर्थिक वर्षको लागी छनौट भएको सरकारद्वारा व्यवस्थित वन/सामुदायिक वन भित्र पर्ने जैविक, वातावरणीय एवं भू-स्खलनका हिसावले संवेदनशिल वन क्षेत्रहरुमा जिल्लाको चुरे ईकाईले संवेदनशिलताका विभिन्न सुचकहरु तयार गरी सोको आधारमा समष्टिगत विवरण तयार पारी पुनरुत्पादनलाई बढावा पाउने गरी विभिन्न क्षेत्रहरुको प्राथमिकीकरण गर्ने । यसरी प्राथमिकता निर्धारण गर्दा सकभर संरक्षण गर्न र सम्भव भएसम्म सरकारद्वारा व्यवस्थित वनलाई नै दिन उपयूक्त हुने । प्राथमिकिकरण गर्दा अन्तिम छनौटमा सकभर ३ भन्दा वढी स्थान नपार्ने र अन्तिम छनौटमा परेका यि स्थानहरुको दिगो संरक्षणका लागी निम्नानुसार व्यवस्था मिलाउने ।

- प्राथमिकतामा परेका hotspot लाई species type wise map बनाई सो क्षेत्र समेत यकीन गरी तारबार गर्ने ।
- यि स्थानहरुसंग वढी सरोकार रहेका समुह, समुदाय, स्कुल वा क्लवलाई पुनरुत्पादन संरक्षणका लागी आव्हान गरि सम्वन्धित जिल्ला वन कार्यालयले सम्झौता गरि यि सस्थाहरुलाई संरक्षणमा प्रतिर्स्पधा गराई उत्कृष्ट कार्यको आधारमा न्यायोचित तरिकाले संरक्षण वापतको भुक्तानी दिने व्यवस्था मिलाई कार्यक्रम सञ्चालन गर्ने ।
- सरकारद्वारा व्यवस्थित वनमा परेका तथा स्थानिय समुदायको पहुच भन्दा टाढा रहेका hotspot संरक्षण गर्नसम्भव नभएमा र हेरालु राख्नु पर्ने अवस्था आएमा सो को व्यवस्था मिलाउने र आवश्यक परेमा घेरवार समेतको कार्यक्रम राखि प्रभावकारी रुपमा संरक्षण गर्ने ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदा समाबेश गर्नु पर्ने छ ।

- संवेदनशिल सरकारी वन क्षेत्रको पहिचानको आधार (सुचक सहित)
- संरक्षण गरिएको क्षेत्रको नक्सा ((क्षेत्रफल खुल्ने गरी), विस्तृत नक्शा Location map, र GPS coordinate सहित)
- संरक्षण गरिएको क्षेत्रमा विद्यमान वन श्रोतको अवस्था
- संरक्षण गरिएको क्षेत्रमा रहेका प्रजातीहरु र अन्य जैविक विविधताको विवरण (Species diversity profile) तथा प्रजाति अनुसारको नक्शा
- संरक्षण गरिएको क्षेत्रको संरक्षण पूर्व र पश्चातको फोटोहरु

## १.२ चुरे क्षेत्रमा आगलागि, चोरी निकासी र चरिचरन नियन्त्रण तथा व्यवस्थापन (डालेघाँसका विरुवा/उन्नत जातका घाँसका बीउ उत्पादन/खरीद तथा वितरण, चरिचरन व्यवस्थापन तालिम)

यो कृयाकलाप सम्पुर्ण चुरे क्षेत्रमा एकीकृत रुपमा संचालन गर्नुपर्नेछ । जस अन्तर्गत आगलागि नियन्त्रण तथा व्यवस्थापन, वन पैदावार चोरी निकासी नियन्त्रण र चरिचरण नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु पर्दछन् । वन डढेलो नियन्त्रणको लागि बजेटमा विनियोजन गरिएको रकम तुलनात्मक रुपमा कम भएको तथा फायर फाईटिङ. सम्बन्धी उपकरणहरु सवै जिल्लामा नभएकाले तहाँ संचालित अन्य कार्यकमहरु समेतको सहयोगमा यो कृयाकलाप संचालन गर्नुपर्नेछ । यसको लागि जिल्लाको चुरे ईकाईले चुरे तथा भावर क्षेत्रमा विगतको अनुभवको आधारमा वन डढेलोकोसंवेदनशिल स्थानहरुको पहिचान गरि उक्त स्थानहरुको नक्साङ्कन गर्नुपर्नेछ । यस उपशिर्षकमा विनियोजन गरिएको रकम संजाल परिचालन, सरोकारवालासंगको छलफल, प्रचारप्रसार सामाग्री व्यवस्थापन तथा वितरणस्थानीय एफ एमबाट अग्नि नियन्त्रणसम्बन्धी सूचना तथा सन्देश प्रसारणमा तथा वन डंढेलो नियन्त्रण कार्यमा खटिदा खर्च हुने ईन्धन लगायतका विषयमा खर्च गर्न सकिनेछ ।

चुरे क्षेत्रको समग्र व्यवस्थापनको लागि वन पैदावार चोरी निकासी नियन्त्रण तथासम्भाव्य वन अपराधका कृयाकलापहरु जस्तैः वन अतिकमण, अनियमित तौर तरिकाले वन जङ्गलमा रुख कटानी जस्ता कार्यहरु रोकथाम गर्नको लागि सो कार्य हुनसक्ने सम्भावित क्षेत्रहरु पत्ता लगाई चोरी निकासी एवम्, चोरी शिकार हुने क्षेत्र तथा नाकाहरुको पहिचान गरि ती क्षेत्रहरुको नक्साङ्कन तयार गर्ने ।

चुरे तथा भावर क्षेत्रमा हुने अनियन्त्रित चरिचरणले गर्दा यहाँको पुर्नउत्पादनलाई अत्यन्तै हानी पुर्‍याईरहेको विदितै छ । यो कार्यक्रम संचालन गर्नुभन्दा पहिले सम्बन्धित आर्थिक वर्षको लागी छनौट भएको क्षेत्रभित्र पर्ने सकभर सवै वनक्षेत्रमा चरिचरण नियन्त्रण गर्नुपर्ने भएता पनि कतिपय अवस्थामा चरिचरण पुर्ण रुपमा नियन्त्रण गर्न नसकिने अवस्था आएमा संवेदनशिल वन क्षेत्रहरुमा मात्र समष्टिगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी पुनरुत्पादनलाई बढावा पाउने किसिमले उक्त क्षेत्रहरुको दिगो संरक्षणका लागी चरिचरण नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यको व्यवस्था मिलाउने ।

- यि स्थानहरु संग समुदायद्वारा व्यवस्थित वनमा पर्न गएको अवस्थामा सरोकारवाला समुह, समुदाय, स्कुल वा क्लव लाई चरिचरण नियन्त्रण गरि पुनरुत्पादन संरक्षणका लागी आव्हान गरि सम्वन्धीत जिल्ला वन कार्यालयले सम्झौता गरि यि सस्थाहरुलाई चरिचरण नियन्त्रण गरि संरक्षण गर्ने कार्यमा प्रतिर्स्पधा गराई उत्कृष्ठ कार्यको आधारमा न्यायोचित तरिकाले संरक्षण वापतको भुक्तानी दिने व्यवस्था मिलाई कार्यक्रम सञ्चालन गर्ने ।
- यि स्थानहरु सरकारद्वारा व्यवस्थित वनमा तथा स्थानिय समुदायको पहुँचभन्दा टाढा भई उनीहरुलाई परिचालन गर्न सम्भव नभएमा र हेरालु राख्नु पर्ने अवस्था आएमा सो को व्यवस्था मिलाउने र आवश्यक परेमा घेरवार समेतको कार्यक्रम राखि प्रभावकारी रुपमा संरक्षण गर्ने ।

यस उपशिर्षकमा विनियोजन गरिएको रकमलाई माथि उल्लेखित आगलागि रोकथाम, नियन्त्रण र व्यवस्थापन, चोरी निकासी र चरिचरण नियन्त्रण तथा व्यवस्थापन संग सम्बन्धित कार्यहरु जस्तै समुदायलाई उपयोगी हुने डालेघाँसका बिरुवा, उन्नत जातका घाँसका बिरुवा उत्पादन, खरीद र वितरण तथा घुम्ती चरिचरण सम्बन्धी तालिमको लागि खर्च गर्न उपयोगी हुने किसिमले फिल्डस्तरमा उक्त कियाकलापहरु संचालन गर्नुपर्नेछ । यसका लागि सरोकारवालासंगको छलफल, चरिचरण नियन्त्रण गरि संरक्षण गरे वापत सम्वन्धित समुदाय, सँस्थालाई पुरस्कार, चरिचरण नियन्त्रण गर्दा घरमा नै चौपाया पालन गर्नुपर्ने हुँदा निजी कृषक र समुदायहरुलाई विभिन्न किसिमका घासको बीउबिजन र बिरुवा उपलव्ध गराउन लाग्ने खर्च, चरिचरण नियन्त्रण सम्बन्धी प्रचारप्रसार सामग्री व्यवस्थापन तथा वितरण, हेरालु, स्थानीय एफ एम बाट चरिचरण नियन्त्रण सम्बन्धी सूचना तथा सन्देश प्रसारणमा तथा चरिचरण नियन्त्रण कार्यमा खंटिदा खर्च हुने ईन्धन लगायतका विषयमा खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्नलिखित बुंदा समाबेश गर्नुपर्नेछ ।

- चुरे भावर क्षेत्रमा वन अपराध हुन सक्ने सम्भाव्य वनहरुको पहिचान सम्वन्धी नक्सा समेतको विवरण (वन क्षेत्रको नाम, ठेगाना, क्षेत्रफल आदि)
- यस क्षेत्रमा अवैध कटानी तथा चोरी निकासी हुने क्षेत्र तथा नाकाहरुको पहिचान भएको नक्साङ्कन सहितको विवरण
- चोरी निकासी नियन्त्रणको लागि संचालन गरिएका कृयाकलापहरु सम्वन्धी विवरण

- चुरे भावर क्षेत्रमा वन डढेलो लाग्न सक्ने सम्भाव्य वनहरुको पहिचान सम्बन्धी नक्सा समेतको विवरण (वन क्षेत्रको नाम, ठेगाना, क्षेत्रफल, आगलागीका कारणहरु, विगतमा वर्षहरुमा वन डढेलो लागेको पटक र यसबाट भएको नोक्सानी आदि)
- वन डढेलो नियन्त्रण र रोकथामको लागि संचालन गरिएका कृयाकलापहरु सम्बन्धी विवरण
- चरिचरण नियन्त्रणका लागी प्राथमितामा परि छनौट भएका वन क्षेत्रको नक्सा समेतको विवरण (सुचक सहित)
- चरिचरण नियन्त्रण गरिएको क्षेत्रको नक्सा (क्षेत्रफल खुल्ने गरी) र सो क्षेत्रमा विद्यमान वन श्रोतको अवस्था
- चरिचरण नियन्त्रणका लागी संचालन गरिएका कृयाकलापहरु र मुख्य मुख्य उपलब्धीहरु

**१.३., १.४, १.५ चुरे क्षेत्रका सामुदायिक वनहरुलाई संरक्षणमुखी कार्ययोजनाहरु तयार गर्ने सहजीकरण, सामुदायिक वन कार्ययोजना परिमार्जन तथा कार्ययोजना कार्यान्वयन सहयोग**

यो कार्यकम संचालन गर्दा जिल्लाको चुरे क्षेत्रमा हाल सम्म हस्तान्तरण भएका प्रत्येक सामुदायिक वनमा सामुदायिक वनका उपभोक्ताहरुलाई आम भेला गराई सिमित उपयोगको अवधारणा बमोजिम संरक्षणमुखी कार्ययोजना तयार गर्ने सहजीकरणको भुमिका निर्वाह गर्नुपर्ने र निम्नानुसारका चरण र प्रकृया पुरा गरि सम्पन्न गर्नुपर्नेछ ।

- चुरे क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समुहहरुले नयाँ वन कार्ययोजना तयार गर्दा वा अवधि पुगी परिमार्जन गर्दा सामुदायिक वनको मार्गदर्शन, २०६५ को प्रकृया पुरी गरि वनको उत्पादन क्षमता, वर्तमान अवस्था, भु भौगोलिक अवस्था र संवेदनशिलताको आधारमा विभिन्न क्षेत्र (Zone) वा खण्डमा विभाजन गर्ने । उदारहणका लागी ५० डिग्री भन्दा वढी भिरालो भएको, भू क्षयको प्रकोप ज्यादै भएको, प्रती हेक्टर ५० घनमिटर भन्दा कम ग्रोईड. स्टक भएको क्षेत्रलाई अति संवेदनशिल खण्ड (High sensitive zone), त्यसैगरि ३० डिग्री देखी ५० डिग्री सम्म भिरालो भएको, भूक्षयको प्रकोप भएको, प्रति हेक्टर १५० घनमिटर भन्दा कम ग्रोईड.स्टक भएको क्षेत्रलाई संवेदनशिल खण्ड (Sensitive zone) र ३० डिग्री भन्दा कम भिरालो भएको, भू क्षयको प्रकोप नगन्य भएको तथा प्रती हेक्टर १५० घनमिटर देखी १७८ घनमिटर सम्म ग्रोईड. स्टक भएको क्षेत्रलाई सामान्य अवस्थाको खण्ड (Normal zone) भनी Zoning गर्ने । Zoning गर्नको लागि Sapatial data जस्तै DEM प्रयोग गरी GIS method बाट सो ठाउँको slope र aspect map निकाली कम्तीमा ३ वटा zone मा वर्गीकरण गरी बनाईएको नक्शा अनिवार्य रुपमा समावेश गर्ने र सो को spatial database जिल्लामा अद्यावधिक गरी राख्ने । Zoning कार्य सम्पन्न गरिसके पश्चात वन श्रोत सर्वेक्षण निर्देशिका, २०६१ मा हाल अपनाईरहेको विधि अनुसार नै श्रोत सर्वेक्षण गरि अति संवेदनशिल खण्ड बाहेकका अन्य खण्डमा Annual Allowable Cut (AAC) को विश्लेषण सम्मको कार्य गर्ने ।

- यस कियाकलाप अन्तर्गत जिल्लामा नयाँ सामुदायिक वन हस्तान्तरण गर्ने तथा पहिला बनेका सामुदायिक वन कार्ययोजनाहरु नवीकरण गर्ने कार्यमा GPS बाट boundary survey तथा GIS बाट नक्शांकन गर्ने, सरोकारवाला समुदायसँग छलफल तथा परामर्श, Permanent sfample plot design तथा विस्तृत वन श्रोत सर्वेक्षण गर्ने कार्यहरुमा खर्च गर्नुपर्ने हुन्छ । नयाँ तयार गरिने तथा संशोधन गरिने कार्ययोजनाहरु चुरे क्षेत्रको समग्र सँरक्षण एवम् व्यवस्थापन हुने किसिमले तयार गरी आगामी ५ वर्षलाई लागु हुनेगरी स्वीकृत गर्नुपर्नेछ ।

- चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर राख्दै संवेदनशिल खण्ड (Sensitive zone) र सामान्य अवस्थाको खण्ड (Normal zone) हरुमा हाल केही समयका लागी कार्ययोजनामा उक्त AAC आकडा निलम्वन दफा/उपदफा वनाई समावेश गर्ने र व्यवस्थापनको हकमा उक्त दफा/उपदफाको सट्टामा न्युनतम प्रयोग (Limited use) को अवधारणामा physical rotation को आधारमा उपभोक्ताहरुको आन्तरिक खपतका लागी आवश्यक पर्ने वन पैदावर संकलन गर्ने गरि कार्ययोजनामा उल्लेख गर्ने । तर अति संवेदनशिल खण्ड (High sensitive zone) को हकमा भने physical rotation को आधार समेत नपनाई (खडा सुखड रुख समेत संकलन गर्न नमिल्ने) पुर्ण रुपमा संरक्षणको कार्य मात्र गर्ने गरि कार्ययोजनामा उल्लेख गर्ने । वनको अवस्था सुधार हुदै गएमा हैसियतमा सुधार आए पश्चात कार्य योजनाको अर्को अवधीमा AAC आकडा निलम्वन दफा/उपदफालाई खुल्ला गर्न समेत सकिनेछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा हरेक सामुदायिक वनको निम्न बुदाहरु सहितको विश्लेषण र जिल्लाको चुरे क्षेत्रको समग्र साराशं समाबेश गर्नुपर्नेछ ।

- पुनरावोलकन गरिएका सामुदायिक वनका कार्ययोजनाको विवरण (नाम, क्षेत्रफल, Zoning)

- परिमार्जित पुर्वको AAC र परिमार्जन गर्दा कायम गरिएको AAC
- परिमार्जित AAC बमोजिम वन पैदावर संकलन गर्न अपनाइने प्रक्रिया
- चुरे क्षेत्रमा रहेका सा.व.हरुवाट गत आ.व. र चालु आ.व.मा कटान भई समुह भित्र र वाहिर खपत तथा निकासा भएको परिमाणको छुट्टाछुट्टै तुलनात्मक साराशं

चुरे क्षेत्रका वनको हैसियत र अवस्था कमजोर भएका सामुदायिक वनहरु मध्ये हरित AAC लाई निलम्बन गरी सके पश्चात वनबाट कुनै पनि किसिमका वन पैदावार ननिकाली वन संरक्षण गर्दा अर्थात संरक्षणमुखी कार्ययोजना कार्यान्वयन गर्ने । सो बापत आम उपभोक्ताहरुलाई वन पैदावार उपभोगमा पर्न जाने बोझलाई प्रोत्साहन स्वरुप संरक्षण या वन सम्बर्द्धन क्रियाकलाप जस्तै कांटछाँट, pruning, गोडमेल र बृक्षारोपण जस्ता कार्यहरुमा गरिब तथा विपन्न वर्गको समेत सहभागीतामा सम्पन्न गर्ने र सो बापत पाउने रकमलाई प्रति व्यक्ति श्रमदिनमा परिणत गरी भुक्तानी दिने व्यवस्था गर्ने ।

## २. नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन कार्यक्रम

### २.१ नयाँ स्थायी नर्सरी निर्माण तथा संचालन र व्यवस्थापन

जिल्ला वन कार्यालयहरुमा स्थायी प्रकृतिको नर्सरीको निर्माण गरी गुणस्तरिय विरुवा उत्पादन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो । संचालनमा रहेको नर्सरीलाई स्तरोन्नति गर्न वा नया स्थायी प्रकृतिको नर्सरी निर्माण गर्न यो कार्यक्रम केन्द्रित रहेको छ । कम्तीमा १ लाख विरुवा उत्पादन हुनेगरी बिरुवाको खपत एवम नर्सरी स्थापना गर्न उपयुक्त हुने ठाउँको छनौट गरी एक स्थायी नर्सरीको निर्माण गरिनेछ । उक्त स्थायी नर्सरी वर्षैभरी संचालन हुनेगरी निर्माण र व्यवस्थापनका कार्यहरु गर्नुपर्नेछ सो को लागि निम्न बमोजिमका कार्यहरु गर्न उपयुक्त हुने देखिन्छ । पहिलादेखि नै निर्माण भई संचालनमा रहेका स्थायी प्रकृतिका नर्सरीहरुको सुदृढीकरण र व्यवस्थापन गर्न यस कार्यक्रममा छुटयाइएको बजेटबाट खर्च हुनेगरी सम्पन्न गर्नुपर्नेछ ।

- नर्सरी स्थापना गर्दा नदी प्रणाली/ल्याण्ड स्केप क्षेत्र भित्र विरुवा सदुपयोग हुने गरि स्थल छनोट गर्नुपर्नेछ ।
- खर्च अनुमान गर्दा वन तथा भु संरक्षण मंत्रालयका प्रचलित स्विकृत नर्मस तथा प्रचलित जिल्ला दर रेट बमोजिम गर्नुपर्नेछ ।
- सम्भव भएसम्म प्रथम चौमासिक भित्र नर्सरी निर्माण कार्य संपन्न गरिसक्नुपर्नेछ ।
- अस्थायी नर्सरी संचालन भएकोमा सो को स्तरोन्नति गरि स्थायी गर्नुपर्नेछ ।
- नर्सरीमा सिचाँईको स्थायी व्यवस्था, नर्सरी सूरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक वेडमा पाईप जडान गरि स्पिरिङकल सिचाईको व्यवस्था, वत्तीको व्यवस्था भएको हुनुपर्नेछ ।
- काम गर्ने कामदार तथा स्थायि नर्सरी नाईकेका (वाह्रै महिना कार्य गर्ने) खर्चको व्यवस्था यसै शिर्षक वाट गर्नुपर्नेछ ।
- अग्ला आकारका विरुवाहरु उत्पादन गर्नको लागि पहिला वर्ष उत्पादन भएको विरुवाको १५ प्रतिशत अर्को वर्ष उपयोग गर्ने गरि व्यवस्था मिलाउनु पर्नेछ ।
- जडिबुटि विरुवा उत्पादन गर्दा पकेट क्षेत्रमा उत्पादन गर्नुपर्नेछ । फोकल टिमले निर्णय गरे बमोजिम विरुवा उत्पादन गर्नु पर्नेछ ।
- आफुलाई चाहिने सवैखाले विरुवा नर्सरी मै उत्पादन गर्नुपर्नेछ खरिद गर्नुपर्ने भएमा सो को औचित्य पुष्टि गरेर मात्र विरुवा खरिद गर्नुपर्नेछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- नर्सरी स्थापना गरिएको स्थान
- नर्सरीको क्षमता
- स्थापना गर्दा लागेको खर्च
- नर्सरी संचालन हुने अनुमानित अवधि

**नर्सरी मर्मत तथा स्तर सुधार :** जिल्ला वन कार्यालयले विगतका आ. व. देखी नै संचालनमा रहेका नर्सरीहरुको घेरबार, पानीका श्रोतहरु आदिलाई मर्मत गरी सुधार गर्नुका साथै तराईको दक्षिणी भेगमा वन नभएका क्षेत्रहरुमा समेत मझौला क्षमताका नर्सरीहरु विस्तार समेतका कार्यहरु यस कार्यकम अन्तरगत संचालन गर्नुपर्नेछ । जिल्लाको चुरे ईकाईले चालु आ.

व. को लागी छनौट भएको नदि प्रणाली/ल्याड स्केप भित्र बसोबास गरिरहेका सकभर गरिव तथा विपन्न वर्गलाई मर्मत सम्वन्धी कार्यमा कामदारहरुको रुपमा लगाउन उपयूक्त हुनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ।

- विगतमा संचालनमा रहेको नर्सरीको अवस्था र क्षमता (विरुवा उत्पादन परिमाण)
- नर्सरीमा गरिएको मर्मत सुधार कार्य सम्वन्धी परिमाणात्मक विवरण
- क्षमता अभिबृद्धि पश्चात उत्पादन क्षमता
- मर्मत सुधार पहिलेको र पछिको नर्सरीको फोटो
- खर्च भएको रकमको विवरण

## २.२ विभिन्न प्रजातिका काठ, डालेघाँस, दाउरा र गैह्रकाष्ठ वन पैदावार लगायतका विरुवा उत्पादन

- विरुवा उत्पादन गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुखको वीउलाई छनोट गर्नुपर्दछ। संभव भएसम्म वृक्षसुधार शाखाको राय सल्लाह बमोजिम गुणस्तरिय विउ एकिन गर्नु पर्नेछ।
- नर्सरीमा विउ छर्ने कार्य सामान्यतया: फाल्गुण महिना सम्ममा गरिसक्नु पर्नेछ।
- विरुवा उत्पादन शिर्षकमा विनियोजित भएको रकम विउ संकलन तथा खरिद, पोलीथिन थैला खरिद, माटो तथा वालुवा संकलन  ग्रेडिङ गर्ने अवस्थाको चरण सम्म खर्च हुनेछ। यस अनुसार आवधिक श्रमिकको लागि खर्चको व्यवस्था समेत यसै शिर्षक वाट खर्च हुनेछ।

- जिल्ला वन कार्यालय वाट विरुवा उत्पादन गर्न नसकिने अवस्थामा यस शिर्षकमा विनियोजन रकमवाट विरुवा खरिद समेत गर्न सकिने छ। खरिद गरिने विरुवाको गुणस्तरको जिम्मेवारी जिल्ला वन अधिकृतले लिनुपर्नेछ र विरुवा उत्पादन नगरी खरिद नै गर्नुपर्ने उचित र भरपर्दो कारण समेत जिल्ला वन अधिकृतले पेशगर्नुपर्नेछ।

रुख प्रजाति, जडिबुटी, सुगन्धित घाँस, अम्रिसो, नेपियर तथा अन्य भुइघाँसको ठुटा वा विरुवा उत्पादनका लागि प्रसारण हुन सक्ने ठाँउहरुको पहिचान गर्ने, पहिचान भएका ठाँउहरुको लागि उपयुक्त हुने प्रजातीहरुको पहिचान गर्ने, पहिचान भएका प्रजातीहरुको अनुमानित परिमाण निकाल्ने, स्थान अनुसार सुहाउदो प्रजातीहरुको विउ विजन खरीद गर्ने, उपयुक्त समयमा उक्त विउहरुलाई नर्सरीमा विभिन्न प्रविधिहरुको उपयोग गरी विरुवा उत्पादन गर्ने जस्ता कार्यहरु यस कार्यक्रम अन्तरगत सम्पन्न गर्नुपर्नेछ। नर्सरीमा विरुवा उत्पादन गर्दा निम्नानुसारले परिमाण निर्धारण गर्नुपर्नेछ।

- काठ दाउरा, डालेघास र जडीवुटीका रुख प्रजाती
- सुगन्धित घाँस, अम्रिसो, नेपियर तथा अन्य भुइघाँसको ठेस्ना/ठुटा
- बाँस Rhizome बाट
- बाँस बीऊबाट
- बाँसको कलमीबाट (कोपिला फुटनु अगावै नर्सरीमा कलमी व्यवस्था भएको हुनुपर्नेछ)
- विरुवा उत्पादन गर्दा के कुन प्रजाति (डालेघास, काठ, दाउरा, सौन्दर्यता) का कति विरुवा उत्पादन गर्ने हो वृक्षारोपण क्षेत्रफल तथा माग बमोजिम निर्धारण गर्नुपर्नेछ।
- यसरी उत्पादन हुने विरुवा सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि प्रचलित व्यवस्था अनुसार उपलब्ध गराउनु पर्नेछ।
- विरुवा उत्पादन भई वितरण गर्दा वितरण लगत राखिनुपर्नेछ जसमा वृक्षारोपण गरिएको स्थान (सरकारी वन क्षेत्रको अनिवार्य रुपमा बृक्षारोपण गरिएको क्षेत्रको GIS बाट नक्शांकन तथा निजि क्षेत्रको संभव भएसम्म जि. पि. एस. लोकेशन समेत), प्रजाति, संख्या, वृक्षारोपण गर्ने निकाय आदिको विस्तृत विवरण संलग्न राखि प्रगति विवरण पेश गर्नुपर्नेछ।
- नर्सरी निर्माण तथा विरुवा उत्पादनका सवै चरण तथा प्रकृयाको फोटो मोनिटोरिङ गर्न सो को फोटो समावेस गर्नुपर्नेछ।

यस कार्यकमको सि. नं ३ मा उल्लेखित वृक्षारोपण कार्यक्रममा सवै विरुवा खपत नहुने भएमा तथा चुरे क्षेत्रमा वहु वर्षिय बिरुवाको समेत आवश्यकता पर्ने भएकोले उपयुक्त प्रविधिको प्रयोगबाट खपत नभएका सवै बिरुवालाई आगामी आ.व.को लागी संरक्षण गरि राख्नुपर्नेछ । यसको कारणले गर्दा पनि स्थायी नर्सरी नाईकेको व्यवस्था गरिएको कुरा माथि उल्लेख भै सकेकोछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- उत्पादित विरुवाहरुको जात अनुसारको विउको श्रोत र गुणस्तरीय विउ भएको
- उत्पादित विरुवाहरुको जात र संख्या ।
- उत्पादित बिरुवाको सरदर उचाई ।
- खपत भएका बिरुवा विस्तृत लगत विवरण ।
- बिरुवा उत्पादनका विभिन्न चरणका फोटोहरु ।
- नर्सरीमा बाँकी रहन गएका बिरुवाको सरदर उचाई, गुणस्तर, परिणात्मक विवरण र फोटोहरु
- खर्च भएको रकमको विवरण ।

वृक्षारोपण भएकोमा के कुन प्रजातिका कति संख्यामा कहाँ वृक्षारोपण भएको हो सो को विवरण तथा वृक्षारोपण स्थलको फोटोहरु ।

## ३ चुरे क्षेत्रको वनमा चाप कम गर्न वन पुर्नस्थापना र विस्तारका लागी हरित रोजगारमुखी बृहत बृक्षारोपण कार्यक्रम

सबै किसिमका वन क्षेत्र, निजी वन, कृषि वन, सार्वजनिक क्षेत्रमा गरिने बृक्षरोपण कार्य र यससंग सम्बन्धित सवालहरु राष्ट्रिय दृष्टिकोणले सम्बदेनशिल रहेको देखिन्छ । बिरुवा उत्पादन र बृक्षारोपण बीचको परिमाणात्मक तथा गुणात्मक रुपमा तारतम्यता मिलाउनु पर्ने देखिन्छ । विरुवाको surival मा ध्यान दिने, उपयुक्त समयमा, उपयुक्त जातका, उपयुक्त प्रजातीहरुलाई उपयुक्त तवरले वृक्षरोपण गर्नुपर्ने र समुदायमा आधारित वन व्यवस्थापनका क्षेत्रमा गरिने बृक्षरोपणको हकमा उपलब्ध श्रोत समुदायलाई उपलब्ध गराउने र परिचालन गर्नु पर्नेछ ।

### ३.१ चुरेमा चाप कम गर्न तराईका वन नभएका दक्षिणी भेगमा निजी जग्गामा वृक्षारोपण गरी वन बिस्तार ढुवानी सहयोग समेत (प्रति बिरुवा रु.४ का दरले अनुदान)

तराईका वन नभएका दक्षिणी भेगमा कृषकहरुको निजी जग्गामा वृक्षारोपण गरि कृषीवन र निजी वनको रुपमा विकास गरि सो भेगमा वन पैदावरमा आत्मनिर्भर वनाउदै चुरेमा चाप कम गर्नुका साथै उनीहरुको जिविकोपार्जनमा समेत यस कार्यकम वाट लाभ पुरयाउने उद्देश्यका साथ यो कृयाकलाप तय गरिएकोछ । यो कृयाकलापलाई संचालन गर्दा निम्नानुसारको प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

- जिल्लाको चुरे ईकाईले चालु आ.व. को लागी छनौट भएको नदि प्रणाली/ल्याड स्केपको सिमाना भित्र पर्ने तराईको सवैभन्दा दक्षिण तर्फको गा वि स वाट शुरु गरि वढीमा ३ वटा गा. वि. स. सम्म नमुना स्वस्प निजी जग्गामा वृक्षारोपणका लागी क्षेत्र छनौट गर्ने र यो कार्य २०७० साल मार्ग महिना भित्र सम्पन्न गरि सक्ने ।
- यस कृयाकलापको लागी विनियोजन गरिएको प्रती विरुवा रु. १ सम्म निजी वन वृक्षारोपणको सहजीकरण कार्य जस्तै : यसपछि व्याख्या गरिएका स्थल छनौट, अन्तरकृया छलफल, वृक्षारोपण प्रविधि तालिम, रोपणमा स्थलगत सहजीकरण, data base लगत तयारी, रोपण भएका विरुवाको संरक्षण र उपचारमा स्थलगत सहजीकरण र नियमीत अनुगमनको खर्च गर्न सकिनेछ ।
- नमुना स्वस्प छनौट भएका गाविसमा यसै कार्यकमको सि.नं ६.२ मा उल्लेखित प्रचारप्रसारको भरपर्दो माध्यम जस्तैः स्थानिय एफ.एम., स्थानिय स्तरका विद्यालयमा स्कुल शिक्षा कार्यकम, पर्चा पम्पलेट आदीको प्रयोग वाट व्यापक प्रचार प्रसार गर्ने एवं छनौट भएका गा.वि.स.मा स्थानिय पत्रकार, नागरिक समाज, राजनीतिक दल र गा.वि.स सचिव संग अन्तरकृया छलफल गरि निजी वृक्षारोपणका लागी कृषकहरुलाई वृक्षारोपण गर्न निशुल्क विरुवा उपलब्ध हुने, विरुवा ढुवानीको व्यवस्था हुने, वृक्षारोपण गर्दा र सो कार्य पश्चात पनि प्राविधिक सहयोग उपलब्ध हुने जस्ता विषयहरुको समेत जानकारी गराउने । यसरी प्रचार प्रसार गर्दा एक जना कृषकले कम्तिमा पनि ५० वटा विरुवा रोपण गर्नुपर्नेछ भन्ने कुरा समेत जानकारी गराउनु पर्नेछ । जिल्ला वन कार्यालयले उपयुक्त फारम तयार गरि ईच्छुक जग्गा धनीवाट रोपण गर्न लागीएको जग्गाको क्षेत्रफल, रोपण गर्न चाहेको विरुवाको प्रजाती अनुसारको सख्या समेत खुलेको निवेदन संकलन गर्ने यसरी प्राप्त हुन आएका निवेदनहरुलाई सम्बन्धित रेञ्जपोष्टका कर्मचारीले स्थलगत निरिक्षण गरि माग गरेका प्रजातीहरु प्राविधिक रुपले उक्त स्थानको लागी

उपयुक्त हो होईन यकिन गरि आवश्यक परेमा कृषक संग छलफल गरि उपयुक्त प्रजाती र संख्याको निर्कोल गर्नुपर्नेछ । प्राविधिक रुपले स्थान निरिक्षण गर्दा वृक्षारोपण क्षेत्र एउटै कलष्टरमा पार्नका लागी छनौट भएका गा.वि.स.का सिमित वडाहरुलाई मात्र सिमित गरि जोडीएका कित्ताहरुलाई वढी प्राथमिकता दिई नीजि जग्गामा कृषकहरुलाई वृक्षारोपण गर्नका लागी स्थल निर्कोल गर्नुपर्नेछ । यो कार्य पश्चात जिल्ला वन कार्यालयले माघ महिना भित्र सम्वन्धीत कृषक संग वृक्षारोपणको लागी सम्झौता गर्नुपर्नेछ ।

- आगामी सिजनमा रोप्ने बिरुवाहरु रोप्न उपयूक्त साइजको भएपश्चात र पहिलो वर्षात पश्चात सकभर २०७१ सालको जेष्ठ महिना देखि नै छनौट गरिएका गा.वि.स.का निश्चित वडा (एक दमै वढी चाख रहेका) वाट वृक्षारोपण कार्य शुरु गरि सम्पुर्ण वृक्षारोपण कार्यलाई निम्नानुसारले सम्पन्न गर्नुपर्नेछ ।
    - सम्झौता गरिएका निजी जग्गाधनी कृषकलाई नर्सरी स्थलसम्म निश्चत समय तोकी समुहगत रुपमा विरुवा लिन आउन सुचना गर्ने ।
    - विरुवा रोपण पश्चात यसको संरक्षण र सफलताको सुनिश्चत गर्नका लागी वृक्षारोपण ग्यारेन्टी वापतको र पछी फिर्ता हुने गरि प्रती विरुवा रु.१ को दरले जिल्ला वन पैदावार आपुर्ती समितीको रसिद मार्फत रकम लिई सो रकम जिल्ला वन पैदावर आपुर्ती समितीको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।
    - सम्झौता वमोजिमका विरुवा हरेक कृषकलाई नि: शुल्क रुपमा उपलव्ध गराउने र जिम्मेवारी प्राप्त कर्मचारीले माल वाहकमा सुरक्षीत तरहले विरुवा लोड गर्ने व्यवस्था मिलाउने ।
    - विरुवा ढुवानीको व्यवस्था स्वयम कृषकलाई नै गर्न लगाई वृक्षारोपण स्थल सम्म माग गरेका विरुवा ढुवानी गरि जिम्मेवारी प्राप्त प्राविधिक कर्मचारीले सकभर विरुवा ढुवानी गरेकै दिनमा रोपण कार्यमा सहजीकरण गरि रोपण कार्य सम्पन्न गर्ने गराउने ।
- रोपण कार्य सम्पन्न पश्चात हरेक जग्गाधनीले रोपण गरेका प्रजाती अनुसारका विरुवा लाई र जिम्मेवारी प्राप्त प्राविधिक कर्मचारीको सहयोग लिई जिल्ला वन कार्यालयले दर्ता गर्ने र भरपर्दो data base तयार गरि सो को अभिलेख सम्वन्धीत रेन्जपोष्ट र गा.वि.स.मा राख्ने व्यवस्था मिलाउने ।
- वृक्षारोपण सम्पन्न भएको ६ महिना पश्चात अर्थात पौष महिना पश्चात सम्वन्धीत जग्गाधनीको रोपण भएको स्थलमा स्थानिय वुद्धिजीवि र गाविस प्रतीनिधी समेतको सहभागीतामा जिम्मेवारी प्राप्त कर्मचारीले निरिक्षण गरि सके पश्चात जिल्ला वन कार्यालयले कृषकहरुलाई सफल भएका विरुवा सख्याको आधारमा निजले पहिले जम्मा गरेको र यस कार्यकम वाट समेत गरि जिल्ला वन पैदावर आपुर्ती समितीको खातामा रहेको रकम वाट प्रती विरुवा रु ४ का दरले चेक मार्फत संरक्षण वापतको भुक्तानी दिनुपर्नेछ ।
- नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम तथा खरिद प्रकृया अवलम्बन गरी सेवा प्रदायक संस्थाहरु मार्फत पनि बृक्षरोपण गर्न सकिनेछ । वृक्षरोपणको परिमाणात्क तथा गुणात्मक पक्षमा सुधार ल्याउने र प्रोत्साहन समेतका बिषयहरुमा वन तथा भूसंरक्षण मन्त्रालयबाट नीतिगत अभ्यासहरु भईरहेको अवस्था रहेको छ । यसै सन्दर्भमा नेपाल सरकारको आर्थिक बर्ष २०७०।७१ को बजेट बक्तब्यको बुदा २५८ मा उल्लेखित "स्थानीय सहभागितामा रोपिएका विरुवाहरु हुर्काउने व्यक्तिलाई प्रति बिरुवा तोकिएको नगद उपलब्ध गराउने नमूना कार्यक्रमहरु संचालन गरिने" बिषयमा वन विभागको योजना तथा अनुगमनका उपमहानिर्देशकको संयोकत्वमा एक कार्यदलले कार्य गरिरहेको सन्दर्भमा सो कार्यदलको प्रतिबेदन उपर नेपाल सरकारबाट हुने निर्णयलाई आधार लिने ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नु पर्ने छ ।

- वृक्षारोपण गर्ने नीजि कृषकको नाम, ठेगाना र रोपण भएको जग्गाको कित्ता नम्वर
- कित्ता अनुसार रोपिएका विरुवा संख्या, प्रजाति, क्षेत्रफल सम्वन्धी तयार गरिएको data base
- निजी वन वृक्षारोपणको जिम्मेवारी प्राप्त प्राविधिक कर्मचारीहरुको नाम,सम्पर्ग फोन र ईमेल
- निजी वन वृक्षारोपणको सहजीकरण कार्यको लागी विनियोजन गरिएको प्रती विरुवा रु.१ वाट सम्पादन गरिएका विस्तृत कार्यहरु र खर्च विवरण
- विभिन्न स्थिती झल्काउने फोटोहरु

### ३.२. चुरे तथा यसको नजिकको प्रभावित क्षेत्रका राष्ट्रिय वन वा सार्वजनिक जग्गामा रहेका बाझो जग्गा, पर्ती, अनुत्पादनशिल जग्गा, क्षतिग्रस्त भूमिमा वृक्षारोण गरी पुनरुत्थान गर्ने

राजमार्ग देखि दक्षिणमा रहेका क्षेत्रमा बसोबास गर्ने जनताहरुको चुरे क्षेत्रमा रहेको वन माथी रहेको आत्मनिर्भरतालाई कम गरी वन पैदावारको आपूर्तिमा सरलता ल्याउनका लागि चुरे र आसपासको क्षेत्रमा रहेका राष्ट्रिय वन वा सार्वजनिक जग्गामा रहेका बाझो जग्गा, पर्ती, अनुत्पादनशिल जग्गा, क्षतिग्रस्त भूमिहरुको पहिचान गरी वृक्षारोपण गरी पुनरुत्थान

गर्ने । यस क्षेत्रमा रहेका गरिव तथा विपन्न वर्गको पहिचान गरि कवुलियतनामा गराई यि वर्गलाई यहाको उत्पादन उनीहरुकै हुने कुराको सुनिश्चतता गराई प्राथमिकता प्राप्त क्षेत्रको बारेमा सरोकारवालाहरुसँग छलफल गरि वृक्षारोपण कार्यमा उनीहरुलाई सहभागी वनाउने गरि कार्यान्वियनको खाका वनाई कार्य संचालन गर्ने । सरोकारवालासँगको निर्णय अनुसार क्षतिग्रस्त नदि किनार तथा नदि उकास जग्गामा उपयुक्त घाँस प्रजाती, गै.का.व.पै., अम्रिसो, बाँस आदि हरित आयआर्जन हुने कार्यक्रम समेतका वृक्षारोपण तथा आयआर्जनका कृयाकलाप संचालन गरि उनीहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरि दिगो संरक्षणको व्यवस्था गर्ने । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- वृक्षारोपण स्थानको नाम, ठेगाना र क्षेत्रफल (उक्त स्थानको नक्सा समेत)
- कवुलियतनामा गराई वृक्षारोपण गरी उपलव्ध गराएको क्षेत्र
- वृक्षारोपण वाट लाभान्धीत गरिव तथा विपन्न वर्ग
- उक्त स्थानको वृक्षारोपण गर्नु पूर्व र पछिको अवस्था झल्कने फोटो
- वृक्षारोपण गरिएको प्रजाति र संख्या

### ३.२. चुरेमा आश्रीत गरिव तथा विपन्न परिवारलाई चुरे र यसको नजिकको प्रभावित क्षेत्रका नीजि जग्गा, सार्वजनिक जग्गा तथा सामुदायिक वनमा विपन्न परिवारलाई रुख तथा गैह्रकाष्ठ वन पैदावारको खेतीका लागी निशुल्क विरुवा र ढुवानी समेतको सहयोग

चुरेक्षेत्रको वनमा पर्ने चाप कम गर्न यसमा आश्रित स्थानीय समुदायको जीविकापार्जनमा सहयोग गर्न जरुरी छ । चुरे तथा नजिकको तराई क्षेत्रमा दाउरा संकलनबाट जिविकोपार्जन गर्दै आएका विपन्न तथा दलित वर्गलाई मुख्य लक्षीत समुदायहरुको पहिचान गर्ने र उक्त समुदायका परिवारहरुलाई नीजि जग्गा, सार्वजनिक जग्गा तथा सामुदायिक वनमा रुख तथा गैह्रकाष्ठ वन पैदावरको वृक्षारोपण गरी खेती मार्फत आय आर्जनमा वृद्दि गर्नका लगि यो कार्यक्रम तय गरिएकोछ । माथि ३.१ मा उल्लेख गरे वमोजिम कै प्रकृया अवलम्वन गरि नमुना क्षेत्र छनौट गरि सिमित क्षेत्रमा यो कार्यकम केन्द्रित गर्नुपर्नेछ । यस कार्यकमको लागी विनियोजन गरिएको प्रती विरुवा रु.४ मध्ये प्रती विरुवा रु. १ लाई माथि ३.१ मा उल्लेख गरे वमोजिम नै वृक्षरोपण सहजीकरण तथा अनुगमन मा खर्च गर्न सकिनेछ । वाकी रहने प्रती विरुवा रु.३ मध्ये वृक्षारोपण स्थल सम्म ढुवानी गर्न र वृक्षारोपण कार्यको लागी सम्वन्धीत कृषकलाई नै चेक मार्फत रकम उपलब्ध गराउनु पर्नेछ । तर यो रकम कार्य सम्पन्न भए पश्चात जिल्ला वन कार्यालयले रोपण भएको स्थानको निरिक्षण गरि सके पछी मात्र भुक्तानी दिनुपर्नेछ । यस कार्यकमलाई निम्नानुसारले संचालन गर्नुपर्नेछ ।

- गरिव तथा विपन्न वर्गको पहिचान गरिसके पछी उनीहरुले सार्वजनिक जग्गा तथा सामुदायिक वनमा वृक्षारोपण गर्दा कवुलियतनामा गराई यि वर्गलाई यहाको उत्पादन उनीहरुकै हुने कुराको सुनिश्चता गराई प्राथमिकता प्राप्त क्षेत्रको बारेमा सरोकारवालाहरुसँग छलफल गरि कायान्वियनको खाका वनाई प्रती परिवार लाई २०० विरुवाका दरले निशुल्क रुपमा विरुवा उपलव्ध गराई वृक्षारोपण स्थल सम्म विरुवा ढुवानीको व्यवस्था जिल्ला वन कार्यालयले मिलाई कार्य सम्पन्न गर्ने ।

- गरिव तथा विपन्न वर्गको पहिचान गरिसके पछी उनीहरुले आफ्नै नीजि जग्गामा रोपण गर्न चाहेको अवस्थामा प्रती परिवारलाई बढीमा २०० बिरुवा निशुल्क रुपमा उपलव्ध गराई वृक्षारोपण स्थलसम्म विरुवा ढुवानीको व्यवस्था समेत जिल्ला वन कार्यालयले मिलाउनु पर्नेछ । यस कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नुपर्नेछ ।
    - नीजि जग्गामा वृक्षारोपण गर्ने गरिव तथा विपन्न कृषकको नाम, ठेगाना र रोपण भएको जग्गाको कित्ता नम्वर
    - कित्ता अनुसार रोपिएका विरुवा संख्या, प्रजाति, क्षेत्रफल सम्वन्धी तयार गरिएको data base
    - सार्वजनिक जग्गा तथा सामुदायिक वनमा गरिएको वृक्षारोपण स्थानको नाम, ठेगाना र क्षेत्रफल (उक्त स्थानको नक्सा समेत)
    - कवुलियतनामा गराई वृक्षारोपण गरी उपलव्ध गराएको क्षेत्र
    - वृक्षारोपण वाट लाभान्वीत गरिव तथा विपन्न वर्ग
    - विभिन्न स्थिती झल्काउने फोटोहरु
    - वृक्षारोपणको सहजीकरण कार्यको लागी विनियोजन गरिएको प्रती विरुवा रु.१ वाट सम्पादन गरिएका विस्तृत कार्यहरु र खर्च विवरण

### ३.४ गत आर्थिक वर्षमा भएको वृक्षारोपणको गोडमेल, पुनरोपण, संरक्षण र व्यवस्थापन

गत आ.व. मा गरीएको वृक्षारोपण क्षेत्रमा आवश्यकता अनुसार गोडमेल गर्नुपर्ने छ । पुन: रोपण गर्दा विरुवा उपयुक्त साइजको हुनु पर्ने छ । आवश्यकतानुसार जिल्लाले संरक्षणका विभिन्न माध्यमहरु जस्तै: हेरालु, तारबार सहितको संरक्षण आदि गर्न सक्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नु पर्ने छ ।

- गोडमेल गरीएको प्रजाती, संख्या, क्षेत्रफल
- पुनरोपण गरीएको प्रजाती, संख्या, क्षेत्रफल
- संरक्षण तथा व्यवस्थापन सम्बीन्ध विवरण ( प्रजाती, संख्या, क्षेत्रफल)

### ३.५ नदी उकास जग्गामा बांस ,निगालो, अमृसो, नेपियर, डालेघांस तथा अन्य आयआर्जनका विरुवा रोपण तथा संरक्षण

खहरे, खोला वा खोल्सीको अनियन्त्रित वहावको कारणबाट कटान भएको तथा deposition भएको क्षेत्रको पहिचान नक्साङ्कन समेतको छुट्टाछुट्टै विवरण तयार गर्नेपर्ने छ । संवेदनसिलताको आधारमा प्राथमिकता निर्धारण गर्ने, प्राथमिकता प्राप्त क्षेत्रको बारेमा सरोकारवालाहरुसँग छलफल गरि कार्यावयनको खाका वनाउनु पर्ने, पहिचान भई प्राथमिकता तोकेको नदि उकास जग्गामा जिल्ला वन समन्वय समिति/सरोकारवालासँगको समन्वय र सहयोगमा उपयुक्त घाँस प्रजाती, गै. का.व. पै., अम्रिसो, बाँस आदि आयआर्जनका विरुवा रोपण गर्नुपर्ने छ । यो कार्यक्रम लक्षित समुह मार्फत संचालन गर्ने र संरक्षणको व्यवस्था मिलाउनु पर्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नु पर्ने छ ।

- पहिचान भएको नदि उकास क्षेत्रको विवरण (स्थान/क्षेत्रफल/अवस्था,फोटो समेत)
- प्राथमिकता तोकिएको नदि किनार र नदी उकास जग्गाको विवरण
- नदि उकास जग्गामा वृक्षारोपण गरिएको विवरण (प्रजाती, संख्या, क्षेत्रफल)
- कार्यक्रम संचालन भएको ठाँउ/स्थानको विवरण (नाम, चार किल्ला, क्षेत्रफल, नक्सा, लक्षित समुहको विवरण)

### ३.६ नदी उकास जग्गामा खयर, सिसौ, सिमल आदि प्रजातिका बीउ खरीद गरी छर्ने

नदी उकास जग्गाका लागि खयर, सिसौ, सिमल आदि प्रजातिका बीउ खरीद गर्दा गुणस्तरको विउ खरीद गर्नु पर्ने छ । । यसरी गुणस्तरको विउ खरीद गरी सकेपछि विउ छर्ने काम असार महिनामा गरी सक्नु पर्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नुपर्नेछ ।

- विउ छरीएको स्थान/क्षेत्रफल
- विउको विवरण (प्रजाती, बिउको amount)

### ३.७ चुरे संरक्षण बांस प्रसारण अभियान (जिल्ला वन समन्वय समिति, सामुदायिक वन, गैर सरकारी सस्थासंगको सहकार्य र साझेदारीमा)

कार्यक्रम चुरे क्षेत्रका वाढी पहिरो आदीको कारणले संवेदनशिल स्थानहरु छनौट गरि प्राथमिकताको आधारमा संचालन गर्नु पर्ने छ । यो बांस प्रसारण अभियानलाई जिल्ला वन समन्वय समिति, सामुदायिक वन, निजि किसान, गैह्रसरकारी संस्थासंगको सहकार्य र साझेदारीमा संचालन गर्नेपर्ने छ । यो कार्यक्रम फाल्गुन महिना सम्ममा सम्पन्न गरी सक्नु पर्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नु पर्ने छ ।

- वृक्षारोपण गरिएको स्थान, क्षेत्रफल
- कार्यक्रम संचालन गर्ने साझेदारहरुको नाम र संख्या
- कार्यक्रम सम्पन्न हुनपुर्व र सम्पन्न पश्चात्को फोटो

### ३.८ स्थलगत प्रभाव अध्ययन, योजना/कार्यक्रम पुनरावलोकन, कम्पाइल र पृष्ठपोषण

वन विभाग मार्फत विभिन्न जिल्लामा सञ्चालनमा रहेका राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग पुर्‍याउनका लागि केन्द्रमा आवश्यक पर्ने विभिन्न किसिमका कृयाकलापका लागि बजेट विनियोजन गरीएको छ । फिल्ड स्तरमा यो कार्यक्रम कसरी सञ्चालन भइ रहेको छ सो को स्थलगत प्रभाव अध्ययन, योजना/कार्यक्रम पुनरावलोकन, कम्पाइल र पृष्ठपोषणका लागि खर्च गर्न सकिने छ ।

### ४. उपल्लो र तल्लो तटीय बासिन्दा बीच समुह सँजालीकरण/बैठक सहयोग (जिल्ला भू-संरक्षण कार्यालयसंग समन्वय गरी)

जिल्ला भु-संरक्षण कार्यालयसँग समन्वय गरी गत आ.व. मा उपल्लो र तल्लो तटीय बासिन्दा विच समुह गठन गरी संजाल निर्माण भएको जिल्लाले उपल्लो तटीय र तल्लो तटीय समुहहरुमा बैठक बसी दुवै तहको प्रतिनिधिहरु विच छलफल गरी अन्तरसम्बन्ध कायम राख्न आवश्यकतानुसार कार्यक्रमहरु तय गरी चुरे संरक्षणलाइ प्रभावकारी वनाउने कार्यक्रम कार्यावन्यन गर्नुपर्ने छ । गत आ.व. मा उपल्लो र तल्लो तटीय बासिन्दा विच समुह गठन नभएको जिल्लामा संजाल निर्माण तथा समन्वय विस्तार गर्नु पर्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- समुहमा आबद्ध संख्या (महिला, पुरुष)
- बैठकको प्रतिवेदन

### ५. सार्वजनिक लेखापरीक्षण तथा समीक्षा बैठक (जिल्लास्तर)

चालु आ.व.मा सञ्चालन गरिएका कार्यक्रमहरुको बारेमा स्थानिय शिक्षक, पत्रकार, नागरिक समाज, राजनितिक दलका व्यक्तिहरुलाई जानकारी दिनको लागि र भए गरेको खर्चको बारेमा जानकारी दिन चालु आ.व.को अन्तमा सार्वजनिक लेखापरिक्षण गर्नु पर्ने छ । सवै कृयाकलापका खर्च, कार्यक्रमबाट प्राप्त मुख्य मुख्य उपलब्धीलाइ सार्वजनिक गर्नु पर्ने छ । यस कार्यक्रमको सुझाव समेतको प्रतिवेदन तयार गर्नु पर्ने छ । जिल्लास्तरमा समीक्षा बैठक कम्तीमा एकपटक गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- सार्वजनिक लेखापरिक्षणमा सहभागि भएका सहभागिको संख्या (महिला, पुरुष)
- विस्तृत प्रतिवेदन
- समीक्षा बैठकको प्रतिवेदन

## ख.चालु खर्च शिर्षक अन्तर्गतका कार्यक्रमहरु

### ६. चुरे संरक्षण वृहत जनचेतना अभियान

### ६.१ चुरे संरक्षण स्कुल शिक्षा कार्यक्रम

जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरि चुरे क्षेत्रमा यस खालको कार्यक्रम कसरी चलाउन उपयुक्त हुन्छ भन्ने बारेमा निर्क्यौल गरे पश्चात् सहयोगी साझेदार पार्टनरहरु जस्तैः चुरे संरक्षणमा लागेका सरोकारवाला व्यक्ति, स्थानीय गै.स.स. हरु आदीको निर्कौल गर्नुपर्ने छ । यो कार्यक्रम सञ्चालन गर्न जिल्ला वन कार्यालयले नेतृत्वदायी भुमीका निभाउनु पर्ने छ । यस खालको कार्यक्रम गर्दा चुरे क्षेत्र र यसको जलाधार क्षेत्रमा भएका माध्यमिक विद्यालयहरुको पहिचान गर्नुपर्ने छ । विगतमा गठन भएका ईको क्लवबाट चुरे तथा भावर क्षेत्रका लागि चुरे संरक्षण तथा व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्नुपर्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- चुरे क्षेत्र र यसको जलाधार क्षेत्रमा भएका माध्यमिक विद्यालयहरुको संख्या
- गठन भएका क्लवहरुको संख्या र आवद्ध विद्यार्थी तथा शिक्षक संख्या
- क्लव मार्फत संचालन गरिएका कार्यक्रमहरु
- कार्यक्रबाट लाभान्वित संख्या

### ६.२ संरक्षण अन्तरक्रिया (शिक्षक, सामुदायिक वन, पत्रकार, नागरिक समाज, राजनीतिक दल)

स्थानिय शिक्षक, पत्रकार, नागरिक समाज, सा.व.उ.स., राजनितिक दलका व्यक्तिहरु सहभागि गराई जिल्लाको चुरे रहेको विभिन्न क्षेत्रहरुमा र कतिपय अवस्थामा कार्यकम संचालन गरिएका क्षेत्रमा (On the spot) भई रहेका संरक्षणका प्रयासहरु, गर्न नसकिएका विषयहरु, समस्या र चुनौतीहरु, तथा आगामी दिनका लागी सुझावहरुको विषयमा संरक्षण अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

- संवेदनशिल क्षेत्र (अन्तरक्रिया आयोजना गरिएको स्थान) को नाम
- अन्तरक्रियामा सहभागि भएका सहभागिको किसिम, संख्या

- प्राप्त सुझाव सहितको विस्तृत रिपोर्ट

### ६.३ स्थानीय स्तरमा प्रचार प्रसार र जनचेतना अभिवृद्धि कार्यक्रम

चुरे क्षेत्रमा रहेको वनको महत्वको बारेमा उपल्लो र तल्लो तटिय क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई जनचेतना जगाई चुरेको वन, वन्यजन्तु, जैविक विविधता र वातारणको संरक्षण गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेकोले यस कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि निम्नानुसारका प्रचार प्रसार र जनचेतना अभिवृद्धि कार्यक्रमहरुमा विनियोजन भएको रकम खर्च गर्न सकिनेछ ।

- स्थानिय विद्यार्थी, शिक्षक, पत्रकार, नागरिक समाज, सा.व.उ.स. सदस्यहरु, राजनितिक दलका व्यक्तिहरु समेतलाई सहभागि गराई चुरेको महत्व तथा संरक्षणको विषयमा चरणवद्ध रुपमा जनचेतनामुखी र्‍याली तथा झाकी प्रर्दशनी
- स्थानिय एफ.एम.मा चुरे संरक्षण कार्यक्रम
- चुरे संरक्षण तथा वन क्षेत्र वाहिर वन विस्तारका लागी प्रचार प्रसारका अन्य उपयूक्त सामग्री उत्पादन र वितरण

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नु पर्ने छ ।

- सम्पन्न गरिएको कार्यक्रमहरुको नाम र अन्य तथ्यगत सामग्री तथा विवरण
- कार्यक्रमबाट लाभान्वीत जनसंख्या सम्वन्धी विवरण
- कार्यकम वाट प्राप्त ठोस उपलव्धीहरु

### ७. समन्वय तथा कार्यक्रम अनुगमन

जिल्लास्थित कार्यक्रमसँग सम्बन्धित कार्यालयहरु विच समन्वय विस्तार गर्न तथा यो कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरी कार्यक्रमको ठोस उपलब्धी हासील गर्नका लागि फिल्ड स्तरमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन गर्ने तथा कार्यान्वयनमा सहयोग गर्ने विभिन्न निकायहरु जस्तैः जिल्ला भू संरक्षण कार्यालय, स्थानीय गै.स.स तथा सम्बन्धित सरोकारवालाहरु विच जिल्ला स्तरीय समन्वय तथा सहजीकरण बैठक गर्नुपर्ने छ । यो कार्यक्रम सम्पन्न गर्न आबश्यक बजेट सि. नं. ७.२ मा समाबेश गरिएको छ ।

जिल्लामा गठन भएको जिल्ला वन क्षेत्र समन्वय समितिमा जिल्लाका रहेका सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधित्व रहेको हुदाँ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अर्न्तगतका सम्पूर्ण कार्यक्रमहरु जिल्ला वन समन्वय समिति मार्फत नियमित रुपमा अनुगमन तथा मुल्याङ्कनको व्यवस्था मिलाउनु पर्ने छ । जिल्लाका आवश्यकता हेरेर जिल्ला वन क्षेत्र समन्वय समिति मार्फत चौमासीक रुपमा कार्यक्रमको अनुगमन गर्नुपर्ने छ । अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त रिपोर्ट अध्ययन गरि सुधारको व्यवस्था मिलाउनु पर्ने छ । यो कार्यक्रम सम्पन्न गर्न आबश्यक बजेट सि. नं. ७.१ मा समाबेश गरिएको छ । साथै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अर्न्तगतका सम्पूर्ण कृयाकलापहरु जिल्ला स्तरवाटै अनुगमन हुन आवश्यक भएकाले यसको लागि विनियोजन गरेको रकमलाई यस कार्यकम अर्न्तगतका संचालनमा रहेका कृयाकलापहरुको जिल्ला वन कार्यालयका प्राविधिक कर्मचारीहरु, स्थानिय वुद्दिजीवी, पत्रकार, नागरिक समाज, सा.व.उ.स.र आवश्यक परेमा जिल्ला वन समन्वय समितिबाट अनुगमन गर्नुपर्नेछ र यो रकम अन्य कार्यको लागी खर्च गर्न पाईनेछैन । विभिन्न जिल्लामा सञ्चालनमा रहेका यी कार्यक्रमलाई विभाग स्तरबाट पनि अनुगमन गनुपर्ने भएकाले सो को लागि आवश्यक पर्ने रकम केन्द्रमा राखीएको छ । कार्यक्रमको अनुगमन गर्दा यसको औचित्य, अनुगमन प्रतिवेदन र लगवुकको व्यवस्था गर्नुपर्नेछ । अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त रिपोर्ट अध्ययन गरि सुधारको व्यवस्था मिलाउने र सो को जानकारी वन विभागलाई गराउने । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नु पर्ने छ ।

- कार्यकम वाट प्राप्त ठोस उपलव्धीहरु
- प्राप्त सुझाव अनुगमन गरिएको पटक र अनुगमन गरिएका कार्यक्रमहरु
- अनुगमन तथा मुल्याङ्कनबाट आएका सुझावहरु सहितको विस्तृत रिपोर्ट
- सुझाव कार्यान्वयनको अवस्था